# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम

फोन नं. +९७७ (०४६) ५४०३१०
इमेल ठेगाना: barahathawamun@gmail.com
वेव साइट: barhathwamun.gov.np

**नगर सभाका सम्मानित सभाध्यक्ष तथा नगर प्रमुख ज्यू**
**नगर सभाका सदस्य ज्यूहरु**

नगर सरकारको बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा आगामी आर्थिक बर्ष २०७९/८० को बजेट यस सभाबीच प्रस्तुत गरिरहेकोछु ।

यस अवसरमा मुलुकलाई संघीय लोकतन्त्र गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु, लगायत मधेश आन्दोलनका शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

स्थानीय तहको ऐतिहासिक दोस्रो निर्वाचनबाट हामी जन निर्वाचित भै जन प्रतिनिधिको महत्वपूर्ण जिम्मेवारी सम्हालेको एक महिना पुग्दा न पुग्दै यस बरहथवा नगरपालिकाको सातौ नगर सभा मार्फत आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट तयारी गरि प्रस्तुत गर्ने अवसर पाएका छौ | छोटो समयमा नगर सभाको तयारी गर्नुपर्ने चुनौतीपूर्ण बाध्यात्मक परिस्थिति को कारण नगर सभाको बिस्तृत तयारी हुन नसकेकोले अत्यावस्यक योजना तथा कार्यक्रमहरुमा मात्र बजेट बिनियोजन गर्नुपरेको सम्मानित सभा लाई अवगत गराउन चाहन्छु | यद्यपी यस वर्षको नीति कार्यक्रम र बजेट हाम्रो लागि आधार वर्ष भएको प्रत्याभुति हुने किसिमको योजना हरुमा बजेट बिनियोजन को खाका तयारी गरेका छौ | यस नगरपालिकाको बिधुतिय प्रोफाइल, आवधिक विकाश योजना, मध्यकालीन खर्च संरचना, सडक, नाला, व्यवसायिक भवन, खानेपानी, पर्यटकीय स्थल, फोहर सरसफाई, खाध्य उद्योग लगायत अन्य आवस्यक भौतिक निर्माण तथा व्यवस्थापन सम्बन्धि विज्ञ हरुबाट बिस्तृत परियोजना प्रस्ताव तथा सम्भाव्यता अध्यन प्रतिवेदन (डी.पी.आर.) तयारी गरि बैज्ञानिक ढंगले दीर्घकालीन बिकाशको सपना साकार पर्ने लक्ष्यका साथ यो आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट मार्फत बेरोजगारीका समस्या, सुविधा सम्पन्न स्वास्थ्यसेवा, कृषिमा आधुनिकिकरण विपन्नवर्गको आयआर्जनमा बृद्धि जस्ता महत्वपूर्ण क्षेत्रलाइ समेटदै प्राप्त स्रोत साधनलाई अधिकत्तम प्रतिफल दिने योजना तथा कार्यक्रमहरुमा विनियोजन गर्ने प्रयास गरेको छु |

**उपस्थित महानुभावहरु,**

अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस नगरसभाका अध्यक्ष तथा नगर प्रमुख ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई कार्यरुप दिन तथा नगरवासीको माग बमोजिमका योजना/कार्यक्रमहरुका लागि संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं संघसंस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व २०७९।०८० को **कुल बजेट रु. ७५ करोड ८९ लाख १२ हजार ३३८ रुपैयाँ** मध्ये आन्तरिक आय तर्फ ७ करोड ५० लाख २ हजार, सघीय राजस्व वाडफाड १४ करोड २९ लाख ६ हजार तथा वित्तिय समानीकरण अनुदान तर्फ रु १८ करोड ८७ लाख, संघीय रोयल्टी बाडँफाँड ४ लाख ५२ हजार ३ सय ३८ रुपैयाँ, बिषयगत शर्शत अनुदान २८ करोड ३८ लाख, सडक बोर्ड ३५ लाख, प्रदेश सरकारबाट अनुदान ३ करोड २० लाख ५२ हजार १६ रुपैया कुल आय अनुमान गरि आगामी आर्थिक वर्षको लागि निम्नानुसार को खर्च प्रस्ताव गरिएको छ । जसमा, चालु तर्फ (कार्यालय तथा प्रशासनिक खर्च रु. १४ करोड ७३ लाख ५० हजार,) रहेको छ ।

चालु तर्फ बिषयगत (पशु, कृषि, स्वास्थ्य, शिक्षा, महिला तथा वालवालिका तर्फ) शर्शत अनुदान रु २८ करोड ३८ लाख रहेको छ |

**कुल चालु खर्च रु ४५ करोड ६२ लाख ५० हजार**

त्यस्तै कुल पुंजिगत तथा वाह्य श्रोत तर्फ **रु. ३० करोड २६ लाख ६२ हजार ३ सय ३८ रुपैया मध्ये वडा स्तरीय योजना तथा कार्यक्रम तर्फ रु ७ करोड ४९ लाख ७९ हजार ४ सय ३ रुपैया बिनियोजन गरिएको छ |**

अब म आर्थिक वर्ष २०७९/०८० को आनुमनित कुल बजेटको संक्षिप्त विवरण देहाय बमोजिम पेश गर्न चाहान्छु ।

| क्र.सं. | कार्यक्रमको विवरण | आ.व. २०७९/०८० प्रस्तावित विस्तृत |
|---|---|---|
| आ.व. २०७९/८० को प्रस्तावित आय | | |
| क | **गतबर्षको मौज्दात,आन्तरिक,वित्तीय समानीकरण संघिय तथा प्रदेश र राजस्व बाडफाडसंघिय अनुदान समेतको चालु तर्फ** | |
| | कार्यालय संचालन लगायत अन्य प्रशासनिक / संघीय राजस्व बाड फाड | १४२९०६००० |
| | संघीय समानिकरण अनुदान | १८८७००००० |
| | संघीय रोयल्टी बाँडफाँड | ४५२३३८ |
| ख | **विषयगत शर्शत चालु अनुदान** | २५३३००००० |
| | विषयगच शर्शत पुजीगत अनुदान | ३०५००००० |
| ग | **प्रदेश तर्फको अनुदान** | |
| | प्रदेश समानिकरण | १४०५२००० |
| | प्रदेश शर्शत | ० |
| | प्रदेश समपुरक | २०००००० |
| | प्रदेश राजस्व बाँडफाँड | १३०००००० |
| | प्रदेश विशेष | ३०००००० |
| घ | **नगरपालिकाको आन्तरिक आय** | ७५००२००० |
| ङ | **सडक बोर्ड र अन्य** | ३५००००० |
| | **विभिन्न निकायबाट ऋण, साझेदारी, वित्तिय व्यवस्था, समपुरक लगायत अन्य श्रोत तथा निकायबाट** | ३२५०००००० |
| **आ.व. २०७९/८० को प्रस्तावित व्यय** | | ७५८९१२३३८ |
| | | |
| च | **कार्यालय संचालन लगायत अन्य प्रशासनिक** | १४७३५०००० |
| छ | **नगरपालिकाको विषयगत शाखा तर्फ निशर्त विनियोजन** | |
| | शिक्षा | २२६६५००० |
| | स्वास्थ्य | २५४३५००० |
| | कृषि | २०००००० |
| | पशु | ३५००००० |
| | महिला तथा बालबालिका | २०००००० |
| ज | **नगर स्तरीय आर्थिक सामाजिक तथा पूर्वाधार तर्फ** | 39484935 |
| झ | **संघीय शर्शत** | |
| | चालु तर्फ | २५३३००००० |
| | पुँजी तर्फ | ३०५००००० |
| ञ | **प्रदेश** | |
| | सम्पुरक, विशेष | ५०००००० |
| ट | **वडा तर्फ विनियोजन** | ७४९७९४०३ |
| | नगरस्तरिय योजना | |
| ठ | **भुक्तानी दायित्व** | १४८९९८००० |
| | अन्य निकाय मन्त्रालय पुजीगत | |
| ड | **सडक बोर्ड** | ३५००००० |
| | **विभिन्न निकायबाट ऋण, साझेदारी, वित्तिय व्यवस्था, समपुरक लगायत अन्य श्रोत तथा निकाय तर्फ** | 0 |
| | कुल चालु | ४५६२५०००० |

| | | |
|---|---|---|
| | कुल पुँजीगत जम्मा | ३०२६६२३३८ |
| | **कुल जम्मा बजेट** | ७५८९१२३३८ |

उपस्थित महानुभावहरु योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएको छु । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मुल्यांकन हुन जरुरी हुन्छ । त्यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन् । यसका लागि आवश्यकता अनुसार सरकारी गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता, नगरवासीको समेत संयुक्त सहभागीतामा सम्पादित कामको गुणस्तरको सुनिश्चीतता, पारदर्शिता एवं उत्तरदायित्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौ ।

अन्त्यमा,

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुरयाउनु हुने सम्पूर्ण नगरवासी, वडासदस्य, महिला सदस्य, दलित महिला सदस्य, वडाअध्यक्ष ज्यू लगायत विभिन्न संघ सँस्था सरु बाट सल्लाह सुझाव दिने साथै समन्वय, सहकार्य एवम लागत साझेदारीमा समेत कार्यक्रम संचालग गर्न चाहनेहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभा वाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षवाट सहयोगको अपेक्षा गर्दछु ।

प्रस्तुत बजेट तर्जुमागर्दा सहयोग गर्नुहुने श्रदय नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, राजश्श परामर्श समिति बजेट तर्जुमा समिति बिषयगत समिति, महिला, बालबालिका, गैर सरकारी संस्था बिषयगत शाखा लगायत सम्पूर्ण कर्मचारीहरुलाई सुझावका लागि म आभारी छु । यसै गरि समयमा सहयोग तथा अनुदान दिनु हुने संघिय सरकार र प्रदेश सरकार प्रति आभार प्रकट गर्न चाहान्छु । यस नगरको सार्थक सामान्तजक विकासमा समानन्तर सहयोग पुर्याउने सबै कर दाता र राष्टिय तथा अन्तर्राष्ट्रिय नियोग तथा संस्था साझेदारहरू प्रति समेत आभार प्रकट गर्न चाहन्छु।

(रामबाबु प्रसाद साह)
नगर उप-प्रमुख
संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति